मितिः वि.सं. २०७२ असार ८

माननीय संविधान सभा सदस्यज्यू
नेपालको संविधान सभा

## ज्ञापन-पत्र

# नेपालको वैदेशिक ऋण मिनाहा : औचित्य र आवश्यकता

हामी अहिले महाभूकम्प र त्यसपछिका पराकम्पनद्वारा क्षतविक्षत आर्थिक सामाजिक अवस्था र संकटबाट गुज्रिरहेका छौं । यो विपदको परिस्थितिबाट सामान्य अवस्थामा ल्याउनका लागि **कम्तीमा पनि रु. ७ खर्ब पुनर्निर्माण तथा पुनर्स्थापनामा सरकारले लगानी गर्नु पर्ने देखिएको छ । यो रकम नेपाल सरकारको एक वर्षको बजेटभन्दा बढी हो** । यति ठूलो रकमको लगानी जुटाउन नेपालले आफ्नो आन्तरिक साधन परिचालनसँगै वाह्य सहयोग पनि जुटाउनु पर्ने हुन्छ । **यो विपत व्यवस्थापन र पुनर्निर्माणमा वित्तीय सहयोग जुटाउनु अन्तर्राष्ट्रिय जगतको पनि नैतिक दायित्व हुन आउँछ** । यस्तो घडीमा द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरुले ऋण मिनाहाको निर्णय गरेर नेपालको विपद व्यवस्थापन र पुर्ननिर्माणमा आफ्नो सदासयता र नैतिक दायित्व निर्वाह गर्ने अपेक्षा गर्नु स्वभाविक हो । त्यसैले ऋण मिनाहा पुनर्निर्माणको समग्र प्रक्रियाको अभिन्न अंगको रुपमा समावेश गरिनु अत्यावश्यक छ । यसो नगरिंदा सहस्राब्दी विकास लक्ष्य (एम.डी.जी.), २०१५ पश्चात्को दिगो विकास लक्ष्य (एस.डी.जी.) र नेपालको अति कम विकसित राष्ट्रको सूचीबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने रणनीतिलाई समेत नकारात्मक प्रभाव पार्ने निश्चित छ ।

यतिबेला हामी बिग्रिएका भौतिक संरचना, भत्किएका विकास निर्माण आयोजनाहरु र अस्तव्यस्त जनजीवनलाई सामान्यिकरणतर्फ उन्मूख गर्दै पुनर्स्थापना र पुनर्निर्माणको क्रममा अगाडि बढिरहेकाछौं ।
यस परिस्थितिमा हाम्रो जस्तो अति कम विकसित राष्ट्रको स्रोत परिचालन क्षमता न्यून रहनु र उपलब्ध स्रोत साधनको पनि न्यून उपयोग हुनु स्वभाविकै हो । यस्तो विकट घडीमा सहयोगी मित्र राष्ट्रहरु तथा सहयोगी संघ संस्थाहरुबाट सहयोगको अपेक्षा राख्दै आह्वान गरिएको र सो अनुरुप विभिन्न मित्र राष्ट्र तथा संघ संस्थाहरुबाट मित्रवत् सहयोग पाइरहेका पनि छौं । यस आवश्यकताको घडीमा यही असार १० गते हुन गइरहेको नेपाल दातृ राष्ट्र समूहहरुको अन्तर्राष्ट्रिय सम्मेलनले आम नेपालीको उत्साह र पुनर्निर्माणको अपेक्षालाई परिपूर्ति गर्ने विश्वास गरिएको छ । यस सन्दर्भमा हाम्रो देशले आर्थिक विकासको विभिन्न चरणमा लिंदै आएका वैदेशिक ऋण त्यसको एकिकृत साँवा व्याज र वार्षिक भुक्तानीको विषयलाई लिएर प्राकृतिक विपद व्यवस्थापनका लागि आकस्मिक आवश्यकता र औचित्यको सिद्धान्त अनुरुप केही प्रस्तावहरु अगाडि सार्न चाहन्छौं ।

१. नेपाल अति कम विकसित राष्ट्रहरूको समूह सदस्य रहेको हुनाले यसले २००६ देखि अगाडि सारेका द्विपक्षीय र बहुपक्षीय वाह्य ऋण पूर्ण रुपमा मिनाहा गरिनुपर्ने घोषणा भएको सन्दर्भमा भएका प्रमुख अन्तर्राष्ट्रिय प्रतिवद्धता सहितका घोषणा तथा निर्णयहरु निम्न छन् :

क. २००६ मा सम्पन्न संयुक्त राष्ट्र संघ, साधारणसभाको प्रस्ताव नं. ६१/१८८ “वाह्य ऋण संकट र विकास” (External Debt Crisis and Development) अनुच्छेद नं. १६ मा उल्लेखित बुँदा अनुसार अतिकम विकसित देशहरुको वाह्य ऋणको समस्यालाई सम्बोधन गर्न पूर्ण रुपमा ऋण मिनाहा गर्ने प्रस्ताव पारित गरेको छ ।

ख. सन् २०११ मा नेपाल अतिकम विकसित राष्ट्रहरुको अध्यक्ष रहेको अवस्थामा आयोजित अतिकम विकसित राष्ट्रहरुको संयुक्त राष्ट्र संघीय चौथो सम्मेलन र सन् २०१३ मा सम्पन्न संयुक्त राष्ट्रसंघीय साधारणसभामा भएको अनुगमनमा अतिकम विकसित राष्ट्रहरुको ऋण मिनाहालाई अझै प्रभावकारी ढंगले कार्यान्वयन गराउने कुरामा जोड दिएको छ ।

ग. २०१४ मा सम्पन्न संयुक्त राष्ट्र संघको ६८ औं साधारणसभाको अनुगमन बैठकको प्रस्ताव नं. ६८/२२४ को अनुच्छेद १६ मा उल्लेखित अतिकम विकसित राष्ट्रहरुको समस्यालाई सम्बोधन गर्नका लागि बहुपक्षीय र द्वीपक्षीय ऋण पूर्ण रुपमा मिनाहा गर्ने प्रस्ताव पारित गरेको छ ।

घ. सन् २०१४ मा अफ्रिकाको कोटोनाउमा सम्पन्न मन्त्रीस्तरीय बैठकको “Cotonou Agenda for Productive Capacity Building in LDCs” को बुँदा नम्बर २४ मा अतिकम विकसित राष्ट्रहरुको समस्यालाई सम्बोधन गर्नका लागि बहुपक्षीय र द्विपक्षीय ऋण पूर्ण रुपमा मिनाहा गर्ने प्रस्तावलाई निरन्तरता दिइएको छ ।

ङ. सन् २०१४ को डिसेम्बरमा नेपालमा सम्पन्न, एशिया-प्रशान्त क्षेत्रका अतिकम विकसित राष्ट्रहरुको “Graduation and Post-2015 Development Agenda” विषयक मन्त्रीस्तरीय बैठकले पारित गरेको घोषणापत्रको बुँदा नं. ६ मा बहुपक्षीय र द्विपक्षीय ऋण पूर्ण रुपमा मिनाहा गर्ने र यसको सुनिश्चितताका लागि उपयुक्त संयन्त्र गठन गर्ने कुरा उल्लेख गरिएको छ ।

च. “3rd International Conference on Financing for Development (FfD3)” को सन्दर्भमा सन् २०१५ को जनवरीमा न्यूयोर्कमा सम्पन्न अतिकम विकसित राष्ट्रहरुको ६९औं साधारणसभाद्वारा जारी गरिएको विज्ञप्तिमा अतिकम विकसित राष्ट्रहरुले निरन्तर रुपमा उठाउँदै आएको ऋण मिनाहाको कुरालाई जोड दिंदै एक प्रस्ताव पारित गरिएको छ । आगामी २०१५ जुलाईमा हुने “FfD3” को प्रारम्भिक मस्यौदा (Zero Draft) को अनुच्छेद १००मा प्राकृतिक विपद्मा परेका देशहरुको ऋण मिनाहा गर्ने प्रस्ताव अघि सारिएको छ । जस्तैः भूकम्प, सुनामी, इबोला संकट आदि ।

तसर्थ, नेपालले भोग्नुपरेको प्राकृतिक विपत्ति र यसबाट अर्थतन्त्रमा पर्ने सङ्कटलाई सामना गर्नका लागि माथि उल्लेखित अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा आधारित भएर अधिकारमुखी दृष्टिकोणबाट दातृ निकायहरूसँग बाह्य ऋण मिनाहाको पहल गर्न हार्दिक अपिल गर्दछौं । यसका लागि हामी तल उल्लेखित नागरिक समाजका सञ्जालहरूको तर्फबाट निम्न बुँदाहरू सुझावस्वरूप प्रस्तुत गर्दछौं ।

- हालसम्म भएका बहुपक्षीय र द्विपक्षीय ऋणभारलाई अनुदानमा परिणत गरी पुनर्स्थापना, पुनर्निर्माण र पीडितहरुको स्वास्थ्य, शिक्षा र अन्य अति आवश्यक सामाजिक सुरक्षाको क्षेत्रमा खर्च गर्ने गरी दाताहरुलाई सहमत बनाउने ।
- ऋण मिनाहा गरिएको रकम **“प्राकृतिक विपत्तिजन्य पुनर्स्थापना तथा पुनर्निर्माण कोष”** नामक खाता वा ट्रष्ट खोली त्यसमा ऋण मिनाहाको रकम (वार्षिक रुपमा तिर्नु पर्ने साँवा व्याज) जम्मा गर्दै जाने वा सरकारले स्थापना गरिसकेको राहत तथा पुनर्निर्माण कोषमा सो रकम रकमान्तर गर्ने ।
- माथि उल्लेख भैसकेको सन् २०२१ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील देशको स्तरमा पुऱ्याउने प्रतिबद्धतालाई हालको यो क्षतिले असम्भवतुल्य बनाएको हुँदा पनि ऋण मिनाहा गर्नु आवश्यक छ । त्यस्तै सहश्राब्दी विकास लक्ष्य नजिक पुऱ्याउन निर्मित संरचनाहरु ध्वस्तप्राय भएको र तिनको पुनर्निर्माणलाई अगाडि बढाउँदै दीगो विकास लक्ष्यको रणनीतितर्फ उन्मुख हुन पनि ऋण मिनाहा हुनु अनिवार्य छ ।
- प्राकृतिक विपद व्यवस्थापनका लागि आकस्मिक आवश्यकता र औचित्यको सिद्धान्त (Principle of Natural Disaster and Sudden Havoc Redressal Programme) अनुरुप पनि ऋण मिनाहाको प्रस्ताव उपयुक्त देखिएको छ ।
- नेपाल अति ऋणभारयुक्त मुलुक (Heavily Indebted Poor Countries- HIPC) को समूहमा नपरेको भएतापनि यस प्रकारको महाविपत्तिका कारणले उक्त समूहमा पर्ने आसन्न खतराबाट मुक्त गर्नको लागि पनि ऋण मिनाहा गर्नु आवश्यक छ ।

**हस्ताक्षरकर्ताहरू:**

**श्री सुजिता शाक्य**
नेपाल संयोजक
कर तथा वित्तिय न्यायका लागि तयारी समिति

**श्री नेत्रप्रसाद तिम्सिना**, पीएच. डी.
संयोजक
गरीबी निवारणका लागि दक्षिण एशिया मञ्च (एस.ए.ए.पी.ई)

**श्री प्रेरणा बम्जन**
एड्भोकेसी संयोजक
अतिकम विकसित राष्ट्रहरूको नागरिक निगरानी मञ्च (एल.डी.सी वाच)

**श्री प्रा. केशवराज खड्का**, पीएच. डी.
संयोजक दक्षिण एशिया
एशिया-प्रशान्त क्षेत्रीय किसान मञ्च

**श्री सर्वराज खड्का**, पीएच. डी.
नेपाल संयोजक
ऋणमोचन तथा विकासका लागि एशियाली जनताको आन्दोलन (ए.पी.एम.डी.डी)